# पश्चिमका उच्च स्थानहरू हिउँले सेताम्मे



**गेजिङ, १८ मार्च:** यहाँका उच्च स्थानमा आज दिउँसोदेखि फेरि हिमपात शुरु भएपछि जाडो ह्वात्तै बढेको छ। बिहानपख मौसम साफ देखिए तापनि अचानक दिउँसो मौसममा परिवर्तन आउँदा हिमपात शुरु भएको हो। पश्चिम सिक्किममा प्रायःजसो नौ हजार फिटभन्दा माथिको क्षेत्रमा हल्का हिमपात निरन्तर भइरहेको समाचार प्राप्त भएको छ। भारत–नेपालको अन्तरराष्ट्रिय सिमानासहित राज्यको चर्चित पर्यटन स्थलहरु रिब्दी–भरेङ्ग,हिले, बर्षे, जोरबुट्टे, ठूलधाप, कालिझार, सिंहलिला अनि चिवा भञ्जाङमा हिमपातले निकै प्रभाव परेको जानकारी प्राप्त भएको छ। अर्कोतिर, यहाँ ह्वात्तै बढेको जाडोले गर्दा दैनिक रूपमा जस्तो यात्रीहरूको चहल–पहल सधैं झैं देखिएन भने ट्याकसी वाहनहरूको पनि कम चहलपहल देखिए। मौसम सम्बन्धि जानकारहरुको भनाइ अनुसार मार्च महिना यसरी हिमपात २००३– सालमा मात्रै भएको अनि अहिले ठण्डा हुनुको अर्थ आगामी महिनामा महाखडेरी पर्न सक्ने पनि उनीहरूले अनुमान लगाएका छन्। यदि यस्तो भए आम जन–जीवन साथै कृषिमा व्यापक असर पर्नसक्ने देखिएको छ।

# मोबाइल फोन चोरी–किनबेच गरेको आरोपमा ३ पक्राउ

**सिलगड़ी, १८ मार्च।** सिलगड़ी मेट्रोपोलिटन पुलिसअन्तर्गत न्यु जलपाइगड़ी थाना पुलिसले मोबाइल फोन चोरी गरेको अनि चोरिएको मोबाइल फोन किनबेच गरेको आरोपमा तीन व्यक्तिलाई पक्राउ गरेको छ। तीनैजनालाई न्यु जलपाइगड़ी रेलवे स्टेशन संलग्न क्षेत्रबाट पक्राउ गरिएको हो। अभियुक्तहरूबाट विभिन्न कम्पनीका १८ वटा मोबाइल फोन भेट्टाइएको पुलिसले बतायो।

पक्रा पर्नेहरूमा नदियाका मिलन शेख, न्यु जलपाइगड़ी क्षेत्रका रज्जाक शेख अनि सिलगड़ीको शान्तिनगरका बासिन्दा प्रसेनजीत दास छन्। न्यु जलपाइगड़ी पुलिसले मोबाइल फोन चोरीको आरोपमा रज्जाक शेख र प्रसेनजीत दासलाई पक्राउ गरेको हो। चोरिएको मोबाइल फोन किनेको आरोपमा मिलन शेख पक्रा परेको जानकारी छ। अभियुक्तहरूलाई जलपाइगड़ी जिल्ला अदालत पठाइएको छ।

# पुलिस एकाउन्टेबिलिटी कमिशन एंव अधिकारीहरुद्वारा सिङताम थानाको निरीक्षण



**सिङताम, १८ मार्च।** पुलिस एकाउन्टेबिलिटी कमिशन, सिक्किमका अध्यक्षा जस्टिश मालोय सेनगुप्ता लगायत डीएसपी परशु शर्मा, पुलिस एकाउन्टेबिलिटी कमिशनका सदस्य नीम इथेन्पा अनि गृह विभागका अन्डर सेक्रेटरी प्रवीण गौतम अनि अन्यान्य अधिकारीहरुको उपस्थितिमा हिज शुक्रबार सिङ्ताम थानाको निरीक्षण भ्रमण गरे। यस निरीक्षणको क्रममा पीएसीले विशेष सिङ्ताम थानाको हाजितको गुणवत्ता र अवस्थाबारे निरीक्षण गर्दै सम्पूर्ण जायजा लिए भने उनले सिङ्ताम थानामा रहेका विभिन्न मुद्दाहरुका रिकर्ड अनि कामकुरोको पूर्ण छानवीन गरे। जस्टिश सेनगुप्ताको नेतृत्वको आयोगले एसडीपीओ अजय राई अनि सिङ्ताम थाना प्रभारी अजय कुमार राई, थाना प्रभारी (२) विजय बस्नेतसित पनि अन्तर्क्रियात्मक कुराकानी गर्दै थानाको समस्याबारे पनि जानकारी लिए तथा सिङ्ताम पुलिसले शहरमा नियम–कानूनलाई बनाइराखेकोमा प्रशंसा पनि गरे।

## 'जब् एक्सटेन्सन'माथि...

भने सबैको सहयोग आवश्यक रहेको बताए। सरकारी कर्मचारीहरूको अवकास ग्रहणको उमेर ५५ बनाउनुपर्ने विषयमा केही हदसम्म आफु पनि सहमत रहेको मुख्यमन्त्री चामलिङले बताए। तर, यसो गर्दैमा बेकारी समस्या समाधान हुन्छ भन्नु सही नरहेको बताए। ग्रुप–सी का ३९ जना कर्मचारीहरू विगत ३६ वर्षदेखि एउटै पदमा कार्यरत रहेको विषयलाई आफुले गम्भीरसित लिँदै तुरून्तै कार्यवाही गर्ने उनले आश्वासन दिए। मुख्यमन्त्री चामलिङले आफु डीओपी विभागका मन्त्री पनि रहेको बताउँदै विभागमा ८० प्रतिशत सरकारी कर्मचारीहरूकै फाइल आउने गरेकोमा दु:ख प्रकट गरे। डीओपी केवल सरकारी कर्मचारीहरूको निम्ति काम गर्ने विभाग भएको बताए। उनले विभागमा जनसरोकारका फाइलहरू, सिक्किम विकास सम्बन्धी फाइलहरू आएको विरलै देखिने गरेको बताए।

## बुर्तुकमा एसआरपी...

उम्मेद्वारको नाम घोषित गर्ने पार्टी सूत्रले जानकारी गराएको छ। आज बसेको पार्टीको सभाले हिजो एउटा गैर राजनीतिक सङ्गठन घर आँगन बचाउँ कमिटीले लगाएका आरोपहरूलाई ठाड़ो खण्न गरेको पार्टीले विज्ञप्ति जारी गरेर बताएको छ। उक्त कमिटीले लगाएको आरोप उनीहरूको राजनीतिक अज्ञानता रहेको पार्टीको अड़ान रहेको छ। उल्लेख्य, घर आँगन बचाउँ कमिटीले एसआरपीमाथि राज्यको साम्प्रदायिक सद्भावना र एकता मास्ने काम गरेको आरोप लगाएको थियो। उक्त सङ्गठनले पार्टीले उठाएका मुद्दाहरूमाथि गम्भीर अध्ययन गर्नु आवश्यक रहेको एसआरपीको सुझाउ रहेको छ।

## योगी आदित्यनाथ बने...

सांसद हुँदै आइरहेका छन्। तिनी १२औं लोकसभा चुनाउमा प्रतिद्वन्द्व गर्दा केवल २६ वर्षका थिए। तिनी यो लगाएर ५ पटक लोकसभा सांसद भएका छन्। हिन्दूत्वको निम्ति फायरब्राण्ड नेताको रुपमा चर्चित योगी आदित्यनाथको पूर्व यूपीमा दह्रो पकड रहेको छ। यूपी चुनाउ प्रचारमा प्रधानमन्त्री नरेन्द्र मोदीपछि योगी आदित्यनाथ दोस्रो चर्चित नेता थिए। गत २००२ मा योगी आदित्यनाथले हिन्दू यवा वाहिनी गठन गरेका थिए। यस वाहिनीले गौरक्षा अभियान साथै सशस्त्र वाहिनीको रुपमा काम गर्नेगर्दथे। हिन्दू युवा वाहिनीको गोरखपुर, मौ, देउरिया, कुशीनगर, महाराजगंज, बस्ती, सन्त कविर नगर अनि सिद्धार्थनगरमा ठूलो उपस्थिती छ। आदित्यनाथको मूल नाम अजय सिंह विष्ठ हो। एचएनबी गढवाल विश्वविद्यालयबाट तिनले गणितमा स्नातक गरेका हुन्। भाजपाले यूपीको ४०३ सदस्यीय विधानसभा आसनमा ३१२ आसन हासिल गरेको थियो भने अपना दल(सोनेलाल) अनि सुहेलदेव भारतीय समाज पार्टीले ९ अनि ४ वटा आसन हासिल गरेका थिए।

## अवसर र सहुलियत...

विकासमा परिणत गर्ने काम गर्नुपर्ने मुख्यमन्त्रीले आफ्नो सम्बोधनमा बताए। उनले आवासीय प्रमाण पत्र (आरसी) को निम्ति अहिलेसम्म १४६८ जनाले आवेदन गरेको बताउँदै योग्य आवेदकहरूलाई यसै मार्च महिनाभित्र आरसी प्रदान गरिने बताए। यस बाहेक मुख्यमन्त्री चामलिङले वाहनहरूको करलाई लिएर उत्पन्न विवादबारे बोल्दै यो केन्द्र सरकारले लिएको निर्णय रहेको र यसलाई सबै राज्यहरूले पालन गर्नुपर्ने स्पष्ट पारे। उनले यो राज्य सरकारको अधिकार क्षेत्रदेखि बाहिरको विषय रहेको जानकारी गराए। यसरी नै कर्मापाको विषयमा बोल्दै उनले कर्मापालाई सिक्किम ल्याउन सरकार प्रयासरत रहेको बताए। देशका प्रधानमन्त्रीले समेत कर्मापालाई सिक्किम पठाउँछु भन्दैछ भने ड्रामा गर्नु सिक्किमको निम्ति उचित नरहेको उनले बताए। यस प्रकारको क्रियाकलापले सिक्किमको छवि बिग्रन सक्ने उनले बताए। यसरी नै उनले लिम्बू तामाङको सीट आरक्षणको निम्ति पनि केन्द्र सरकारले काम गरिरहेको जानकारी दिए। उनले यो मुद्दा चाँडै मन्त्री परिषदको बैठकमा आउनेछ भनी आशा प्रकट गर्दै लिम्बू तामाङ समुदाय शान्तिसित बसिदिनुपर्छ भने।

## स–साना राज्यको मागमा...

र बुन्देलखण्ड राज्यहरूको घोषणा पनि भारत सरकारले गरेको हुनुपर्ने तिनले जनाए। प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारले पनि अब यथाशीघ्र गोर्खाल्याण्ड, बोडोल्याण्ड, विदर्भ अनि बुन्देलखण्डको राज्यहरूको संवैधानिक मागलाई गहनतासित लिई गठन प्रक्रिया शुरू गर्नुपर्ने माग अब नेशनल फेडरेशन फर स्मलर स्टेट्सको मञ्चबाट सयुंक्तरूपमा उठान गरिने बताउँदै स–साना राज्यहरूको पक्षमा शुरू भएको उक्त संयुक्त आन्दोलन धेरै प्रभावशाली बन्नेछ र केन्द्र सरकार स–साना राज्य निर्माणको पक्षमा आवश्यक पदक्षेप उठाउन बाध्य बन्ने गिरीले बताए। देशमा थुप्रै संयुक्त आन्दोलनहरू सफल भएको इतिहासलाई ध्यानमा राखेर शुरू गरिएको पदक्षेपलाई सफल बनाउन गोर्खाल्याण्डप्रेमी पनि जागरूक बन्न आवश्यक रहेको तिनले जनाए। भारतीय जनता पार्टी स–साना राज्य गठनको पक्षधर रहेको अनि नोभेम्बर २००० मा तत्कालीन भाजपाका प्रधानमन्त्री अटल बिहारी बाजपेयीको नेतृत्वमा राष्ट्रिय गणतान्त्रिक गठबन्धन सरकारले तीनवटा राज्य छत्तीसगढ़, उत्तराखण्ड र झारखण्ड गठन गरेको थिए, त्यसरी नै जून २०१४ मा पनि भारतीय जनता पार्टीको सहयोगमा नै युपीए सरकारले तेलङ्गाना राज्य गठन गरेको बताउँदै गिरीले उक्त ऐतिहासिक घटना हामी फेरि दोहोऱ्याउने जनाए।

# गोजमुमोलाई झट्का...

सरकारले उक्त माग पूरा गरिदिए मिरिक नगरपालिकामा तृकं–को बोर्ड गठन गरेर देखाउने अनि जीटीए चुनाउमा दुइवटा समष्टिबाट दुइजना सभासदहरूलाई जिताउने दाबी गरे। स्वच्छ राज–नीति गरौं र आरोप–प्रत्यारोपको सट्टा सामूहिक विकासमा ध्यान दिऔं भन्दै उनले भावनामा बगेर राजनीति गर्ने दिन गइस–सकेको बताए। सभामा वक्तव्य राख्ने क्रममा हिल तृकं अध्यक्ष राजेन मुखियाले भने, राज्य सरकारले मिरिकलाई धेरै माया गरेको छ। मिरिक महकुमा बन्दैछ। स्थानीय निकायको विकाससितै पर्यटन उद्योगको विकास पनि यहाँ हुनेछ। मिरिकवासीको पूर्जा–पट्टाको मागसितै पर्यटन केन्द्रको विकासको निम्ति हामीले मुख्यमन्त्रीसित कुराकानी गरिसकेका छौं। यसरी नै विन्नी –शर्माले भने, मिरिकको इतिहासमा आजको दिन ऐतिहासिक दिन बन्नेछ। पार्टीप्रति मिरिकवासीले देखाएको विश्वास र आस्था–लाई हेरेर राज्य सरकारले पदक्षेप लिसकेको छ। अब चाँडै मुख्यमन्त्री मिरिकमा आएर मिरिक महकुमाको घोषणा गर्नेछन्। मोर्चाका वरिष्ठ नेता एलबी राई आज तृकंमा सामेल हुनसाथ पार्टी समर्थकहरूले बजारभरी पटाका पड़काएर जय–जयकार गरे। सभालाई युवा खण्ड अध्यक्ष सोवन घिसि ङले सञ्चालन गरेका थिए जहाँ दाहिकंस–का मिरिक खण्ड सदस्य डीपी –शर्माले पनि वक्तव्य राखेका थिए।

## २०१७ मा जीटीए...

अनुसूचीभन्दा क्षमताहीन व्यवस्था जीटीए बोकेर ल्यायो भन्दै तिनले छैटौं अनुसूची र जीटीएबारे कुरा गर्नु हो भने जीटीए छैटौं अनुसूचीको एकछेउ पनि आउँदैन भने। तर अहिलेको समय छैटौं अनुसूचीका लागि कतिको सही छ यसबारे पनि चिन्तन–मनन गर्नु पर्ने अवस्था छ भन्दै तामङले तरै पनि छैटौं अनुसूचीप्रति मानिसहरूको सोच के कस्तो छ? भन्ने विषयमा गोरामुमोले यो सेमिनार अति नै महत्वपूर्ण रहेको बताए। सेमिनारको अन्तिम दिन लाक्पा लामा, दिलिप नूनीसा आदि उपस्थित थिए। आयोजित सेमिनारमा गोरामुमोप्रमुख मन घिसिङ पनि उपस्थित थिए।

MBBS/BDS/Pharmacy/Nursing
Under Recognized Medical Colleges
Managing DIRECT ADMISSION [NR]
Guidance Available For NEET Appearing Students at our Selected Centre in Kolkata/ Delhi/ Mumbai/ Bengoluru/ Siliguri
COMMON CORE EDUCATIONAL SERVICES
Head Office: 27A, Chandra Mondal Lane Kolkata- 700026
North Bengal Unit: 316, Block-G, City Centre Siliguri
Cont: +91 9836760358
E-mail:commoncorekol@gmail.com
MD I MS I MDS

COACHING-
For NEET/JEE
MEDICAL/ENGINEERING/NDA/CDA
BEST & HIGHLY EXPERIENCED FACULTIES, WITH PROPER GUIDENCE&STUDIES MATERIALS, 10 YEARS EXPIRENCE FOR ALL COMPETITIVE EXAMS, 100%SUCCESS.Hurry up!
CLASSES FROM: 1st Batch: 27th March & 2nd batch: 5thApiril
REGISTRATION GOING ON
UDISHA (SINCE-2007)
9434137448/9832525593

ULTRA MODERN ADVANCE IVF
Test Tube Baby Centre ICSI IUI available
for all women's problems
FAMILY CLINIC
Dr. Kavita Mantry
INFERTILITY SPECIALIST
(Gold Medalist) MD, DNB MRCOG (I), London.
Metro Height, 3rd Floor, Don Bosco More, Siliguri.
Ph: 0353-2545544 / 9800983790 / 8372801570

CLINIC PLANET ORTHO
PAIN CLINIC
Back Pain, Knee Pain, Shoulder Pain, Hand & Foot Pain, Neuro & Ortho Rehabilitation, All fracture and ligament injury management, arthroscopic ligament reconstruction & joint replacement clinic
X Ray and Other Investigation Facility Available
2nd Floor, Opp. North City, 2nd Mile, Sevoke Road, Siliguri
Mob. : 95641 20272 / 94348 43645

B.ED ADMISSION
From UGC & NCTE Approved
Government University, West Bengal
Distance: 5 Hrs from NJP to College
(All Method Subjects Available)
Science/Social Science/Humanities
Commerce/Hindi /Sanskrit /Arabic etc.
Facilities: No Need to attend all Classes, all Practice Teaching. Only Written & Viva Exams by University have to attend & Practicum Work have to write as per our samples. Study Material, E Books & E guide Free of cost, Safe Hostel facilities in low Cost
Escort till end the Course
Contact: 9609877260
Future Solution Consultancy
5th mile Tadong, Gangtok, Sikkim

KANHAIYA JEWELLERS



यहाँ सक्कली नेपाली सुन (24 कैरट) रेडिमेड अर्नामेंट र तपाईको अर्डरमा पाइन्छ।
विश्वास तपाईको, भरोसा हाम्रो।
Specialist in :
24 /24cts., 24cts., 22/22 cts. &22cts. (KDM)
Available
Monthly Savings Scheme
Meghdoot Cinema Building
Hill Cart Road, Siliguri.
Ph: 0353-2520047(S), 2561725(R)
WE ACCEPT DEBIT & CREDIT CARD
FOREIGN MONEY EXCHANGE

समस्या छ भने समाधान पनि छ
पामस्ट्री, हस्तरेखा एउटा भाषा हो जो हातमा बोलिन्छ। ईश्वरले मनुष्यको हातमा रेखाहरू यसकारण बनाए ताकि उसले आफ्नो भाग्यको बारेमा जान्न सकोस्। ईश्वरले तपाईको भाग्यमा के लेखेको छ? तपाईको हातको रेखाहरूले के भनिरहेछ जान्नुहोस् आफ्नो भाग्यको विषयमा पूरा जानकारी। 25 वर्षभन्दा अधिक समयदेखि अनुभवी हस्तरेखामा आधारित सफ्टवेयर बनाउने अनि हस्तरेखामा पुस्तक लेख्ने प्रवीण भाई शास्त्रीजीबाट।
Power of Jems and Rudraksha
Opp. Bata Show Room
M.G. Marg, Gangtok - 737101, Sikkim
Contact : 7076223236
नर सेवा नारायण सेवा
- नि:शुल्क छाला रोगको दवाई
- नि:शुल्क पाइल्स रोगको दवाई
- नि:शुल्क पीलिया रोगको दवाई
- नि:शुल्क पिरामिड मेडिटेशन

किडनी के पत्थर (KIDNEY-STONES) का दूरबीन (माइक्रोसर्जरी) द्वारा आपरेशन
हेरिटेज हॉस्पिटल बर्दवान रोड, सिलीगुड़ी
दिनांक: 25 मार्च, 2017 (शनिवार)
चिकित्सक: डा. राजेश अग्रवाल द्वारा M.S. D.N.B. (Surg.)
M. Ch. (URO), DNB (URO), (KIDNEY TRANSPLANT SURGEON & UROLOGIST)
• किडनी के अन्य बिमारियों के आपरेशन की सुविधा भी उपलब्ध है।
• किडनी ट्रान्सप्लान्ट के रोगी भी सम्पर्क कर सकते हैं।
For Registration / Enquiry / Screening
PLEASE CONTACT: DR. BUDHIA at 98320-97437, 94340-26426

B.ED / M.ED ADMISSION
NCTE / UGC Approved College
Provide Class, Books, One Month Coaching for TET
Don't choose short-cut method
You Have to Pass TET / SPSC to get job
Degree without knowledge is useless
Ct: 8391808413, 9832539409

SISCO Bank ,SBI PO 2017
JOIN DEMO CLASSES & FEEL THE DIFFERENCE
Admission Going on for
Regular class for Arts /Science / Commerce
Classes for NEET /JEE for class 12
starts from 1st week of March 2017
RADIANT Coaching at pinnacle in just 6 years
TIBET ROAD, GANGTOK, SIKKIM-737101
9733414256
7586865692

गुप्तचर सेवा
सिक्रेट इन्टेलिजेन्स सर्विसेस (इण्डिया), भारतको प्रतिष्ठित निजी अनुसन्धान एजेन्सि विगत १९८१ देखि, अनुसन्धानमा विशेषज्ञ/ करपोरेट आन्तरिक अनि बाह्य समस्या/ अनुगमन/ परिसम्पति/ मिसिङ कल
कोलकोता: 03324661100/2200
सिलगढी: 9830937007

OMAN / QATAR / DUBAI VACANCY
SMILE HYPERMARKET & GRAND MART
(Abou Shawarma Restaurant & Hospitality)
Interview on 23th March ( Thursday ), Royal Sarovar, 3rd Mile, Sevoke Road, Siliguri
Required experienced Counter sales staff - Sal (21000-25500)
Cooks (Commi-1,2,3) - North Indian / Tandoori/Chinese/Chaat & Sweet Makers / Helpers - Sal (25500-34000),
Waiters/Cashiers - Sal (27000),
Utility boy/Helpers/Cleaners - Sal (15300-18700)
Restaurant Manager/Supervisor- Sal (42500 -76500) Duty meal + Acc+Transport (11 hrs duty)
FUTURE VISION CONSULTANCY
PH - 9800 866 855
SILIGURI : SBI Building,2nd Floor, Hakimpara (Near Pakurtala More)
DARJEELING : 98323 90222
SIKKIM : 9800 866 855
KALIMPONG : 7047690985
MIRIK : 9800 866 855
Email : futurevision002@gmail.com
DI-DM590550;ARN:PT5810603

NEED LIC HOUSING LOAN CONTACT :
NO : 8348574294
9434445010
NOTE : GOVT EMPLOYEES ONLY

नोट : पाठकहरूलाई यो सूचित गरिन्छ कि यस समाचार पत्रमा प्रकाशित कुनै पनि विज्ञापनहरूलाई स्वीकार गर्नु अघि यसको सत्यतालाई जाँच गर्नुपर्नेछ। कुनै प्रकारको धोखा, हानी भएमा त्यसको जवाफदेही यो समाचार पत्र अथवा प्रकाशक हुनेछैन। –सम्पादक